आँधीखोला गाउँ कार्यपालिकाको
६० औ बैठक

आज मिति २०८२ साल भाद्र ६ गते शुक्रवारका दिन यस आँधीखोला गाउँपालिका, गाउँ कार्यपालिकाकाको कार्यालयमा गाउँपालिकाका अध्यक्ष श्री विश्वनाथ पौडेल ज्यूको अध्यक्षतामा तपसिल बमोजिमको उपस्थितिमा बसेको कार्यपालिकाको बैठकमा निम्न बमोजिमका प्रस्तावहरुमाथि छलफल गरि देहाय बमोजिम निर्णय गरियो ।

उपस्थिति

| दस्तखत | नाम थर | पद |
|---|---|---|
| | श्री विश्वनाथ पौडेल | अध्यक्ष, आँधीखोला गाउँपालिका |
| | श्री सिता थापा | उपाध्यक्ष, आँधीखोला गाउँपालिका |
| | श्री नारायण प्रसाद सापकोटा | सचिव, आँधीखोला गाउँपालिका |
| | श्री पवनकाजी अधिकारी | वडा अध्यक्ष, आँधीखोला गाउँपालिका |
| | श्री कमल प्रसाद पौडेल | वडा अध्यक्ष, आँधीखोला गाउँपालिका |
| | श्री शेरवहादुर कार्की | वडा अध्यक्ष, आँधीखोला गाउँपालिका |
| | श्री सिंह वहादुर क्षेत्री | वडा अध्यक्ष, आँधीखोला गाउँपालिका |
| | श्री कृष्ण प्रसाद पनेरु | वडा अध्यक्ष, आँधीखोला गाउँपालिका |
| | श्री नविन ढकाल | वडा अध्यक्ष, आँधीखोला गाउँपालिका |
| | श्री कल्पना शर्मा पौडेल | सदस्य, आँधीखोला गाउँपालिका |
| थानकुमारी | श्री थान कुमारी सुवेदी | सदस्य, आँधीखोला गाउँपालिका |
| | श्री गोमा पौडेल पोखेल | सदस्य,आँधीखोला गाउँपालिका |
| Goma | श्री गोमादेवी सुनार | सदस्य, आँधीखोला गाउँपालिका |
| | श्री टीकाराम नेपाली | सदस्य, आँधीखोला गाउँपालिका |
| | श्री बल वहादुर सुनार | सदस्य, आँधीखोला गाउँपालिका |
| अन्य उपस्थिती | | |
| | श्री प्रकाश पौडेल | ईन्जिनियर, आँधीखोला गाउँपालिका |
| | श्री रोशन लामिछाने | सू.प्र. अधिकृत, आँधीखोला गाउँपालिका |
| | श्री आजाद पौडेल | लेखापाल, आँधीखोला गाउँपालिका |
| | श्री कमला शर्मा | स्का. पा. ए. ई पार्की |

६० औं कार्यपालिका बैठक
२०८२/०५/०६ गते शुक्रबार

**प्रस्तावहरु**

१) अघिल्लो बैठकको समिक्षा सम्बन्धमा।

२) सेवा प्रवाह स्थिति सम्बन्धमा।

३) जग्गाको कित्तागत वर्गीकरण स्विकृत सम्बन्धमा।

४) बक्यौता रकम असुल सम्बन्धमा।

५) ठेक्का प्रकाशन सम्बन्धमा।

६) विविध ।

**निर्णयहरु**

**निर्णय नं. १**

मिति २०८२/०४/२१ मा बसेको ५९ औं कार्यपालिका बैठकका निर्णयहरु कार्यान्वयन सम्बन्धमा समीक्षात्मक छलफल भयो। बैठकका निर्णयहरु कार्यान्वयनको अवस्था सन्तोषजनक रहेको पाइयो।

**निर्णय नं. २**

गाउँ कार्यपालिकाको कार्यालय तथा यस अन्तर्गतका वडा कार्यालय एव्म अन्य शाखा, कार्यालयबाट प्रदान गरिएका सेवा प्रवाहको सम्बन्धमा समिक्षा गरियो। पालिकाबाट प्रदान गरिने सेवालाई थप नागरिकमैत्री बनाउने र प्रविधिमैत्री बनाउँदै लैजाने।

**निर्णय नं. ३**

आँधीखोला गाउँपालिका दुग्ध संकलन केन्द्र संचालन कार्यविधि, २०८२ स्वीकृत गर्ने। साथै कार्यविधि बमोजिम दुग्ध संकलन केन्द्र संचालनको लागि सार्वजनिक सूचना प्रकाशन गर्ने ।

**निर्णय नं. ४**

व्यक्तिगत घटना दर्ता पूर्णता भएको स्थानीय तह घोषणाको लागि कार्यविधि बमोजिम पालिकाका उपाध्यक्ष श्री सीता थापाको संयोजकत्वमा घोषणा तथा सिफारिस समिति गठन गर्ने।

**निर्णय नं. ५**

भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको लगत संकलन कार्यविधि, २०८१ बमोजिम गाउँपालिका अध्यक्ष श्री विश्वनाथ पौडेलको संयोजकत्वमा पालिकास्तरीय भूमि समस्या सहजीकरण समिति गठन गर्ने।

Scanned with OKEN Scanner